# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, लुम्बिनि प्रदेश, नेपाल

प.सं. ०७८/०७९ प्रशासन
च.नं. ९५८२

मिति २०७८/०७/२८

विषय - फाइजर भ्याक्सीनको पहिलोमात्रा सम्बन्धमा ।

श्री सवै वार्ड कार्यालयहरु
श्री सवै स्वास्थ्य संस्थाहरु ।
तिलोत्तमा नगरपालिका रुपन्देही ।

उपरोक्त सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय बमोजिम यहि मिती २०७८ कार्तिक २८ गते देखी मंसिर ४ गते सम्म तल उल्लेखित भएका १२ वर्ष उमेर माथीका दिर्घ रोगीहरुलाई मात्र लुम्बनी प्रदेशिक अस्पताल बुटवलबाट कोभिड-१९ विरुद्धको फाइजर खोप लगाउने कार्यक्रम रहेको व्यहोरा सम्पुर्णमा जानकारीको लागी अनुरोध छ साथै खोप लगाउन जादा अस्पताल वा चिकित्सकले जारी गरेको पुर्जा लिएर जानुहुन अनुरोध छ ।

१२ वर्ष माथिका निम्न दीर्घ रोग भएका विरामीहरु

- लामो समय देखि मुटुको विरामी भई अपरेसन गरेका वा औषधी प्रयोग गरिरहेको व्यक्ति
- लामो समयदेखि मृगौलाको समस्या भई मृगौला फेरेका,डाईलाईसिस गराईरहेका,औषधी सेवन गरीरहेका विरामी
- जुनसुकै प्रकारको क्यान्सरको पहिचान भई अपरेसन गरेका तथा उपचारमा रहेका विरामी
- लामो समयदेखि छातीको समस्या भई चिकित्सकको पूर्जा बमोजिम औषधी खाईरहेका विरामी
- अङ्ग प्रत्यारोपण गरेको व्यक्ती
- लामो समयदेखि कडा खालको उच्च रक्तचाप र मधुमेह भई चिकित्सकको निगरानीमा उपचार गराई रहेका विरामी
- कुनै पनि कारणबाट रोग प्रतिरोधात्मक क्षमता कम भएको अवस्थाको व्यक्ति
- मस्तिष्क र मस्तिष्कका रक्तनली सम्बन्धी रोग (जस्तै पक्षघात, एन्यूरिजम,रक्तनलीमा भएका विकृती, आदि) लागेको विरामी ।

पुनश्च- यस भन्दा आगाडी कोभिड-१९ विरुद्धको खोप लगाएका व्यक्तीहरुले यो खोप पाइने छैन ।

बोधार्थ-
श्री नगर प्रमुख/उप प्रमुखको सचिवालय
तिलोत्तमा नगरपालिका ।

प्रदिप पौडेल
प्रमुख प्रशासकिय अधिकृत

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner